# सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र
**(ARMED POLICE FORCE WELFARE SERVICE CENTER)**

| APF (HQ) SMALL | | |
|---|---|---|
| FROM:- | स.प्र.बल कल्याणकारी सेवा केन्द्र, हलचोक । | Serial No:- 3099 |
| TO:- | स.प्र.बलका इकाईहरु सवै, बेश क्याम्पहरु सहित । | DTO:- 969229 |
| INFO :- | स.प्र.म.नि.ज्यूको सचिवालय, बिभागहरु सबै, रा.प्र.प्रतिष्ठान, म.से.नि., महाशाखा, शाखा, उप शाखाहरु सवै, नेपाल ए.पि.एफ अस्पताल, नेपाल ए.पि.एफ स्कुल । | Group:- <br> IN/OUT:- |

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले सशस्त्र प्रहरी कर्मचारीहरुको हितलाई ध्यानमा राखी आफ्नो स्थापनाकाल देखिनै बिभिन्न सेवामुखी कार्यहरु गर्दै आई रहेको छ । कल्याणकारी सेवा केन्द्रको स्थापनाको ईतिहास त्यति लामो नभएता पनि छोटो समयमानै सशस्त्र प्रहरी कर्मचारीहरु तथा निजका आश्रित परिवारहरुलाई कल्याणकारी सेवाहरु पुऱ्याउने उद्देश्य लिए अनुरुप हाल सम्म सफल यस सेवा केन्द्रले उपलब्ध गराउने सेवा सुविधामा निरन्तर तिब्रता ल्याउने प्रयासरत रहेको ब्यहोरा अनुरोध (०)

दशौं सशस्त्र प्रहरी दिवस २०६७ को अवसरमा सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुलाई दिवस सफलताको कामना गर्दै भविष्यमा आई पर्ने बिभिन्न किसिमका चुनौतीहरुको सामना गर्न सदैव तत्पर रहोस भन्ने अपेक्षा राख्दछौं । दशौं सशस्त्र प्रहरी दिवसको सन्दर्भमा नवौं सशस्त्र प्रहरी दिवस देखिको एक बर्षमा कल्याणकारी सेवा केन्द्रले गरेका उपलब्धिहरुलाई निम्नानुसार स्मरण गराउन सान्दर्भिक रहेको महशुस गरेको ब्यहोरा समेत अनुरोध (०)

**निम्न :-**

१ संयुक्त राष्ट्र संघिय तयारी प्रहरी इकाई लाईवेरियाको लागि खरिद गरी पठाउन नसकिएका २ वटा सवारी साधनहरु लिलाम प्रक्रियाद्वारा रु.१ करोड ४४ लाखमा बिक्री गरी सेवा केन्द्रमा दाखिला गरिएको ।

२. गत बर्षहरुमा सशस्त्र प्रहरी कर्मचारीहरुको तलब भत्ताबाट बिमा प्रिमियम शुल्क कट्टी गरिदै आई रहेकोमा गत बर्षबाट कल्याणकारी सेवा केन्द्रमा रहेको नगद मौज्दात रकमबाट सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीहरुको बिमा प्रिमियम शुल्क भुक्तानी गरी रु.२ लाख १५ हजारको नि:शुल्क निर्जिवन दुर्घटना बिमा गर्ने कार्यको सुरुवात गरिएको ।

३. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले गत एक बर्षमा हलचोक फ्यूल स्टेशन स्वयम्भु, कालिका फ्यूल स्टेशन पोखरा र साँझेदारीमा देबकी ट्रेडर्स चितवन गरी ३ वटा पेट्रोल पम्पहरु संचालनमा ल्याएको ।

४. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रद्वारा हाल सम्म संचालित ४ वटा फ्यूल स्टेशनहरुको लागि ४ थान २० हजार के.एल.क्षमता भएका पेट्रोल ट्यांकरहरु खरिद गरिएको ।

५. पुरानो प्रवृतीबाट संचालित मोटरसाईकल किस्ताबन्दी कार्यक्रमलाई परिमार्जित गरी सम्पूर्ण दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरलाई कम मूल्य, कम ब्याजदर र छनौट अनुसारका कम्पनीको मोटरसाईकलहरु ७.७५ प्रतिशत ब्याज दरमा उपलब्ध गराउने कार्यको सुरुवात गरिएको ।

१

६. एस.एल.सी.परीक्षामा उत्कृष्ट अङ्क प्राप्त गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुका २१ जना सन्ततीहरुलाई १० हजारका दरले नगद छात्रबृत्ति तथा प्रशंसा-पत्र प्रदान गरिएको ।

७. एघारौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीहरुलाई नगद रु.७ लाख ३५ हजार पुरस्कार प्रदान ।

८. संगठन प्रमुखज्यूको विशेष पहल एवं योगदानमा संयुक्त राष्ट्र संघिय तयारी प्रहरी इकाई हाईटी मिशन स्थापनार्थ आवश्यक सम्पूर्ण तयारी सामाग्रीहरु बोलपत्रको माध्यमबाट खरिद कार्य गरी मिशन नमुनाको रुपमा स्थापना हुने भै सम्पूर्ण COE सामान HAITI को लागि प्रस्थान भएको र निकट भविष्यमा नै FPU डफ्फा जाने हालतमा रहेको ।

९. नेपाल ए.पि.एफ.स्कुललाई गत बर्ष रु.५२ लाख २६ हजार आर्थिक सहयोग प्रदान गरिएको ।

कल्याणकारी सेवा केन्द्रले सेवा मुलक कार्य योजनाहरु ल्याई राहत स्वरुप बहालवाला, अशक्त तथा भुतपूर्व राष्ट्र सेवकहरुलाई सेवा प्रदान होस भन्ने उद्देश्यले दशौं सशस्त्र प्रहरी दिवश २०६७ को अवसरमा संगठन प्रमुख श्रीमान् सशस्त्र प्रहरी महानिरीक्षकज्यूको विशेष पहलकदमी तथा नविनतम सोच अनुसार हाल सम्मका उत्कृष्ट कार्यहरुको निरन्तरता, बिस्तार र नयाँ कल्याणकारी योजनाहरुको सुरुवात गर्ने सोच अनुसार देहाय बमोजिमका कार्यक्रमहरु लागू गरिएको व्यहोरा यसै सुवर्ण अवसरमा सहर्ष जानकारीका लागि अनुरोध (ο)

<u>निम्न</u> :

१. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले पूर्व क्षेत्रिय सशस्त्र प्रहरी बल मुख्यालय बराह बाहिनीमा पेट्रोल पम्प स्थापना गर्ने ।

२. सशस्त्र प्रहरी कर्मचारीहरुको हितलाई ध्यानमा राखी गत बर्षमा गरिएको बिमाङ्क रकम रु.२ लाख १५ हजारलाई बृद्धि गरी प्रति व्यक्ति रु.४ सय ९० का दरले बिमा प्रिमियम शुल्क सेवा केन्द्रको नगद मौज्दातबाट भुक्तानी दिई ३ लाख बिमाङ्क रकमको निर्जिवन दुर्घटना बिमा २०६७ साल कार्तिक १ गतेबाट लागू हुने गरी नविकरण गरिएको ।

३. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले नगद ऋण सुविधा सम्बन्धि निर्देशिका तयार गरी मापदण्ड भित्र पर्ने सशस्त्र प्रहरी कर्मचारीहरुलाई बार्षिक ८.५० प्रतिशत व्याजदरमा नगद ऋण सुविधाको सुरुवात ।

४. ईलेक्ट्रोनिक्सका सामानको किस्ताबन्दीमा समयानुसार सुधारको महशुस गरी सुधार कार्य थालनी गरिने योजना रहेको ।

५. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रले बहालवाला सशस्त्र प्रहरी कर्मचारीको जुनसुकै कारणबाट मृत्यू भएमा उपलब्ध गराउदै आई रहेको १० हजार क्रिया खर्चबाट बृद्धि गरी ३० हजार लाश सदगत तथा काजक्रिया खर्च उपलब्ध गराईने ।

६. सशस्त्र प्रहरी बलबाट अनिवार्य अवकाश, पेन्सन भई अवकाश र अशक्त अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको मृत्यू भएमा १५ हजार क्रिया खर्च मृतकको नजिकको हकदारलाई पायक पर्ने सशस्त्र प्रहरी बलको कार्यालयबाट उपलब्ध गराईने कार्यको सुरुवात ।

२

७. यस बर्षको एस.एल.सि.परिक्षामा उत्कृष्ट अंक ल्याउने सशस्त्र प्रहरी कर्मचारीहरुका २८ जना सन्ततीहरुलाई १५ हजारका दरले नगद छात्राबृत्ति तथा प्रशंसा-पत्र प्रदान ।

८. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको बिभिन्न बैंकहरुमा रहेको नगद मौज्दात रकमलाई उच्चतम ब्याजदरमा राखी ब्याज आम्दानीमा उल्लेखनिय बृद्धि हुने अवस्थाको श्रृजना गरिएको ।

९. सशस्त्र प्रहरी बलबाट संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ एफ.पि.यु. मिशनहरुको पारिश्रमिक बितरण गर्दा कट्टी गरिने रकम १५ प्रतिशतबाट ५ % कम गरी थप सुबिधा प्रदान गर्न १० प्रतिशत कायम गरिएको ।

१०. सशस्त्र प्रहरी बलबाट संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ एफ.पि.यु.मिशनहरुमा खटिई जाने सशस्त्र प्रहरी कर्मचारीहरुलाई कार्य जिम्मेवारीको नियुक्ति अनुसार संयुक्त राष्ट्र संघबाट प्राप्त हुने थप रकम प्रदान गरिने कार्यको सुरुवात ।

११. नेपाल ए.पि.एफ.स्कुल यस बर्ष कक्षा ९ संचालन भई रहेको र आगामी बर्ष कक्षा १० संचालन गरी एस.एल.सि.परिक्षामा समेत पहिलो पटक सहभागी हुने भएकोले बिद्यालयको लागि आवश्यक पर्ने थप भौतिक संरचनाको लागि लगानी बिस्तार गरिने ।

१२. सशस्त्र प्रहरी बलको स्थापनाकालदेखि कर्तब्यपालनाको शिलशिलामा घाईते भई अशक्त भएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई जीविकोपार्जनमा केही मात्रामा भए पनि राहत मिलोस भन्ने उद्देश्यले जनंही ५० हजारका दरले १३ जनालाई रु.६ लाख ५० हजार नगद राहत सहयोग र कदर-पत्र प्रदान ।

१३. सशस्त्र प्रहरी बलबाट अनिवार्य अवकाश, पेन्सन भई अवकाश, अशक्त अवकाश र मृत्यु खाली भएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई क्लोदिङ्ग फण्डबाट प्रति सेवा बर्ष १ हजारका दरले थप सुबिधा दिईने कार्यको सुरुवात ।

१४. नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भई संचालनमा रहेको परिपेक्ष्यमा संघको संचालनमा सहयोग पुऱ्याउन रु.२० लाखको अक्षयकोष स्थापनार्थ सहयोग गरिएको ।

*सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रबाट सशस्त्र प्रहरी कर्मचारीहरुको हितमा गरिएका विभिन्न कार्यहरुको कार्यन्वयनमा विशेष किसिमको सहयोग एवं अमूल्य सुझावको लागि सदैव अपेक्षा गर्दछ ।*

मिति :२०६७।०७।१७ गते ।

३

| Degree of Priority<br>Originator's Instruction | Originator's Signature<br>(With Rank) | T.H.I. | | | |
|---|---|---|---|---|---|
| | | | Date & Time | System | Operator |
| | | IN | | | |
| Reg. No. | | OUT | | | |